मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

# पशु (गाई/भैंसी) सुत्केरी प्रोत्साहन कार्यक्रम बारे सूचना !!!

सूचना नं.: १-२०८१/०८२ (पशु सेवा)

सूचना प्रकाशन मितिः २०८१/०४/२३

(ने.सं. ११४४ गुँलाथ्व ३, बुधबार)

मेलम्ची नगरपालिका, पशु सेवा शाखाको आर्थिक बर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशु सुत्केरी प्रोत्साहन कार्यक्रम अन्तर्गत नगरक्षेत्रभित्र सुत्केरी भएका गाई/भैंसीहरुलाई पौष्टिक आहाराको पहुँच वृद्धि गर्नका लागि पशुपालक कृषकहरुलाई प्रति गाई रु.१४००।- र प्रति भैंसी रु.२०००। - का दरले नगद प्रोत्साहन गरिने भएकाले नगरक्षेत्र भित्रका पशुपालक कृषकहरुमा पशु (गाई/भैंसी) सुत्केरी भएको १४ दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित सम्वन्धित वडा कार्यालयमा निवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी दर्ता भएका निवेदनहरु लाभग्राहीको रुपमा समावेश गरिने छैन।

आवश्यक कागजातहरु:

१. तोकिएको ढाँचामा निवेदन
२. सुत्केरी माउ, पाडापाडी/बाच्छाबाच्छी र पशुधनी समेत देखिने फोटो –१ प्रति
३. पशुधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी – १ प्रति
४. पशु बिमा बिमालेखको प्रतिलिपी – १ प्रति
५. सुत्केरी पशुको संकेत पट्टा नं., पशुधनीको सम्पर्क नं र रासायनिक मल कार्ड नं. (अनिवार्य)

थप जानकारीका लागिः मेलम्ची नगरपालिकाको वेबसाइट www.melamchimun.gov.np वा www.melamchikrishi.gov.np मा हेर्नुहुन वा सम्वन्धित वडा कार्यालय वा मेलम्ची नगरपालिका, पशु सेवा शाखा वा एकिकृत सेवा केन्द्रमा सम्पर्क राख्न सक्नुहुनेछ ।

२०८१/०४/२३
उपेन्द्र पण्डित
अधिकृत स्तर छैठौं

०८१/४/२३
अशोक कुमार भट्टराई
प्रमुख प्रशासकीय अधिकृत